## प्रस्ताव एवं निर्णय हरु :-

### १. झरही खोलाको ठेक्का सम्बन्धमा

सरावल गाउँपालिका वडा नं. ६ मा रहेको झरहीखोलाको नदिजन्य पदार्थ उत्खनन तथा संकलनका लागि गाउँपालिका द्धारा दरभाउपत्र आह्वान गरि पर्नआएका दरभाउ पत्र मध्य सबैभन्दा उच्चतम रकम कबोल गर्ने श्री महाविर सप्लायर्स कावासोती १६ संग नदिजन्य पदार्थ उत्खनन तथा संकलन गर्ने कार्यका लागि मिति २०७४/१०/१५ गते सम्झौता भएकोमा ६ नं. वडा कार्यालयबाट उक्त खोलामा नदिजन्य पदार्थ उत्खनन गर्दा बाढिको उच्च जोखिम रहने हुँदा ठेक्का प्रकृया रध्द गर्न भनि निर्णय भई आएकोमा हाललाई उक्त ठेक्का रध्द गरि ठेकेदारले अग्रीम रुपमा जम्मा गरेको रकम र धरौटी समेत फिर्ता गर्ने निर्णय गरियो ।

### २.सामाजिक सूरक्षा भत्ता बैंकिङ प्रणाली बाट वितरण गर्ने सम्बन्धमा ।

सरावल गाउँपालिका अन्तर्गत सबै वडा कार्यालयहरुबाट वितरण हुदै आएको सामाजिक सुरक्षा भत्ता रकम वडा कार्यालयलाई नजिकको र पायक पर्ने बैंक मा लाभाग्राहीहरुको खाता खोलि बैंक प्रणालीमार्फत  वितरण गर्ने निर्णय गरियो ।

### ३. 'घ' बर्गको निर्माण व्यवसायको इजाजत प्रदान गर्ने सम्बन्धमा ।

सरावल गाउँपालिका क्षेत्र भित्र 'घ' बर्गको निर्माण व्यवसायको इजाजत निर्माण व्यवसाय इजाजत कार्यविधि २०७४ बमोजिम प्रदान गर्ने निर्णय गरियो । साथै दर्ता शुल्क वापत रु.२००००। र नवीकारण शुल्क वार्षिक रु ५०००। निर्धारण गर्ने निर्णय गरियो ।

### ४. अन्य व्यवसाय दर्ता इजाजत सम्बन्धमा ।

सरावल गाउँपालिकाको प्रथम गाउँसभा द्धारा निर्दिष्ट भएका बाहेक बालुवा प्रसोधन केन्द्र लगायत अन्य व्यवसायहरु दर्ता गरि इजाजत दिदा रू १५०००।- (अक्षरुपी रू पन्ध्रहजार मात्र) र नविकरण गर्दा रू ५०००।- (अक्षरुपी रू पाँच हजार मात्र) कर निर्धारण गर्ने निर्णय गरियो ।

### ५. आयोजना सम्झौताको अन्तिम म्याद निर्धारण सम्बन्धमा ।

सरावल गाउँपालिकाको प्रथम गाउँसभा द्धारा स्वीकृत आयोजना तथा कार्यक्रमहरु मिति २०७४/१२/०७ गते भित्रै सम्झौता गरिसक्नुपर्ने, यदि उक्त समय सिमाभित्र सम्झौता हुन नसकेमा उक्त आयोजना तथा कार्यक्रमहरु रध्द गरि बैकल्पीक व्यवस्था द्धारा संचालन गर्ने निर्णय गरियो ।

### ६ ऐन नियम कार्यविधि र निर्देशिका स्वीकृत सम्बन्धमा ।

सरावल गाउँपालिकाको विधान मस्यौदा समितिबाट सिफारिस भई आएबमोजिम तपशिल बमोजिमका ऐन नियम कार्यविधि र निर्देशिका स्वीकृत गरि गाउँसभामा पेशगर्ने निर्णय गरियो ।

क) शिक्षा विधेयक २०७४

ख) प्रशासनिक कार्यविधि नियमित गर्ने विधेयक २०७४

ग) सहकारी बिधेयक २०७४

घ) कृषि प्रवद्धन विधेयक २०७४

ङ) आर्थिक कार्यविधि विधेयक २०७४

च) घ बर्गको निर्माण व्यवसाय इजाजत कार्यविधि २०७४

छ) बजार अनुगमन निर्देशिका २०७४